**सैनिक हवाई महानिर्देशनालय**

**त्रि.अ.वि., गौचर काठमाण्डौ ।**

**हवाई साधनको लागि कमर्सिएल तथा कार्यालय मसलन्दको**

**शिलबन्दी वोलपत्र आव्हान सम्वन्धी सूचना सम्वन्धि बिस्त्रित जानकारी**

*(गोरखापत्रमा प्रथम पटक प्रकाशित भएको मिति २०७१/५/३० गते)*

**गोरखापत्रमा प्रकासित सूचनाको प्रतिलिपी**

यस सैनिक हवाई महानिर्देशनालय, मध्य एयर बेश र भि.भि.आई.पि उडान सेवाको लागि आ.ब. ०७१/०७२ मा आवश्यक कार्यालय मसलन्दका सामान, मूद्रण (छपाई सम्वन्धी सामान) र हवाई साधनहरुमा र अन्य प्रयोजनको लागि कमर्सियल सामानहरु समुहगत रुपमा शिलबन्दी बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकाले ईजाजत प्राप्त ईच्छुक व्यक्ति, कम्पनी/फर्महरुबाट यो सूचना प्रथम पटक प्रकाशित मितिले ३० औं दिनको कार्यालय समय(२०७१।६।२८ गतेको १७०० बजे) भित्र यस महानिर्देशनालयमा तोकिएको दस्तुर तिरी बोलपत्र सम्बन्धी कागजात( कर्मसियल समानहरुको परिशिष्ट "क"र कार्यालय मसलन्द सम्बन्धि सामानहरुको परिशिष्ट "ख" समाबेश गरी तयार गरिएको छुट्टाछुट्टै बोलपत्र खरिद गरि कार्यालयको सूचना पार्टी र तलको वेभ साईटमा राखिएको हुंदा तोकिएको शर्तको अधिनमा रहि रितपूर्वक सिलबन्दि बोलपत्र यस महानर्देशनालयमा मिती २०७१।६।२९ गतेको १२०० बजे भित्र तोकिएको बोलपत्र जमानत सहित छुट्टाछुट्टै सिलबन्दि बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकासित गरिएको छ । यो सूचना सम्बन्धी बिस्तृत रुपमा यस सैनिक हवाई महानिर्देशनालयको सूचना पार्टी, यस महानिर्देशनालय, फोनं. ४४६९४६४ वा ४११३००३ बाट र नेपाली सेनाको वेभ साईट www.nepalarmy.mil.np र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाईट www.ppmo.gov.np मा समेत हेर्न सकीनेछ ।(***गोरखापत्रमा प्रकासित सूचनाको प्रतिलिपि***)

## हवाई साधनको लागि कमर्सिएल तथा कार्यालय मसलन्दको शिलबन्दी वोलपत्र आव्हान सम्वन्धी बिस्त्रित जानकारी

१. माथि उल्लेखित भएनुसार यस सैनिक हवाई महानिर्देशनालयलाई आ.ब.०७१/७२ का लागि आवश्यक कार्यालय मसलन्दका सामान, मूद्रण (छपाई सम्वन्धी सामान) र हवाई साधन तथा अन्य प्रयोजनका कमर्सियल सामानहरु ईजाजत प्राप्त ईच्छुक व्यक्ति, कम्पनी/फर्महरुको शिलबन्दी बोलपत्रको माध्यमबाट छनोट गरी खरिद गर्नेको सम्बन्धमा गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा मिति २०७१/५/३० गते प्रथम पटक यो सूचना प्रकासित भईसकेकोले यो सूचना सम्बन्धि विस्तृत रुपमा थप जानकारी सैनिक हवाई मानिर्देशनालय, श्री मध्य एयर बेश र श्री भि.भि.आईपि. उडान सेवाको सूचना पार्टी, नेपाली सेनाको वेभ साईट www.nepalarmy.mil.np र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाईट www.ppmo.gov.np मा राखिएको छ ।

२ **<u>बोलपत्र खरिद गर्न पाईने स्थान र समय</u>**: यो सूचना गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित मितिले ३० औं दिनको कार्यालय समय (२०७१।६।२८ गतेको १७०० बजे) भित्र यस महानिर्देशनालयमा कर्मसियल समानहरु सम्वन्धि बोलपत्र परिशिष्ट “क” को दस्तुर रु.३०००।०० (पछि फिर्ता नहुने) र कार्यालय मसलन्द मूद्रण (छपाई सम्वन्धी सामान) सम्बन्धि सामानहरुको परिशिष्ट “ख”बोलपत्रको रु.१०००।०० पछि फिर्ता नहुने गरी) छुट्टाछुट्टै बोलपत्र फाराम खरिद गर्न लिखित निवेदन साथ आ.बि.०७१/७२ सम्मको लागि नविकरण गरिएको सम्बन्धित बिषयको कारोवार गर्न पाउने इजाजत पत्र, फर्म दर्ता प्रमाणपत्र, नागरिकताको प्रमाण पत्र, आयकर दर्ता प्रमाणपत्र तथा मु.अ.कर दर्ता प्रमाण पत्र, आ.ब.०७०/७१ सम्मको कर चुक्ता प्रमाण पत्र वा कर दाखिला गर्ने म्याद थप गरिदिएको पत्र समेतका प्रतिलिपि संलग्न राखी प्रोपाइटर स्वयं उपस्थित भै वा आधिकारीक मन्जुरीनामा सहितको प्रतिनिधि पठाई खरिद गर्न सकिनेछ ।

**<u>३. सिलबन्दि बोलपत्र दर्ता गर्ने समय र स्थान:</u>** बोलपत्रदाताले बोलपत्र जमानत धरौटाी वापत नगद जमानत भए कर्मसियल समान सम्वन्धि बोलपत्र परिशिष्ट “क” साथ ने.रु.१,५६,०००।०० (अक्षरुपी एक लाख छपन्न हजार) र कार्यालय मसलन्द र मुद्रण सम्बन्धि सामानहरुको परिशिष्ट “ख” साथ ने.रु.१,१०,०००।०० (अक्षरुपी एक लाख दस हजार) छुट्टाछुट्टै उक्त बोलपत्रहरुसाथ नेपाल बैंक लिमिटेड, भूगोलपार्क, न्यूरोडमा श्री कोष तथा लेखा नियन्त्रक कार्यालय सुन्धाराले खोलेको धरौटी खाता नं.०२-५१-३५ (यस महानिर्देशनालयको कार्यालय कोड नं.२७-३४५-५७)मा जम्मा गरेको सक्कलै बैंक भौचर वा बैंक

जमानत भए नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकबाट यस सै.ह.म.नि.का. नाममा जारी भएको कम्तीमा १२० दिन मान्य अवधि भएको सक्कलै बोलपत्र जमानत पत्र (विडवण्ड) छुट्टाछुट्टै सिलवन्दि बोलपत्र साथ यो सुचना प्रकाशित भएको मितिले ३१ औं दिन मिति २०७१।०६।२९ गतेको १२०० बजे भित्र बोलपत्रमा उल्लेखित शर्तहरुको अधिनमा रहि श्री सैनिक हवाई महानिर्देशनालय,लेखा शाखा, गौचर ब्यारेकमा दर्ता गराई सक्नु पर्नेछ । उक्त बोलपत्र हुलाक, कुरियर मार्फत पनि तोकिएको स्थानमा र निर्धारित समय भित्र दाखिला भएमा मात्र दर्ता गरिनेछ ।

४. **सिलबन्दि बोलपत्र खोलिने स्थान र समय:** यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिनको १२०० बजे भित्र यस सैनिक हवाई महानिर्देशनालयमा बोलपत्र दर्ता गराई सक्नु पर्नेछ । म्यादभित्र दर्ता भएका बोलपत्रहरु सोही दिनको १३०० बजे बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा यस सैनिक हवाई महानिर्देशनालय, गौचर ब्यारेकमा खोलिने छ । बोलपत्र वा निजको प्रतिनिधि अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

५. **बोलपत्र खोल्नु पूर्वको बैठक(Pre-Bidding Meeting):** बोलपत्रदातालाई बोलपत्र सम्बन्धी कागजात, बिवरण वा अन्य यस्तै कुरा सम्बन्धी जानकारी गराउन बोलपत्रको सुचना प्रकाशित भएको मितिले १५ औ दिन अर्थात मिति २०७१/०६/१३ गतेको ११:०० बजे बोलपत्र पेश गर्नु पुर्वको समवन्यात्मक बैठक (Pre-Bidding Meeting) यस सैनिक हवाई महानिर्देशनाल, गौचर ब्यारेमा बस्ने हुदां सबै बोलपत्रदाता वा अख्तियारवाला प्रतिनिधि उपस्थित हुनु पर्नेछ, पछि सो बिषयमा जानकारी नभएको भनि कुनै किसिमको प्रतिक्रिया उपर कुनै पनि कारवाही गरिने छैन् ।

**बोलपत्र सम्बनधि अन्य जानकारी**

६. उक्त बोलपत्रहरु पेश गर्दा खामको बाहिर श्री सैनिक हवाई महानिर्देशनालय, गौचर ब्यारेकको.नाम सम्बोधन गरी बोलपत्र फारमको सि.नं र कामको विवरण तथा नाम खूलाई सिलबन्दी गरी पेश गर्नुपर्नेछ । दुबै बोलपत्र पेश गर्ने बोलपत्रदाताले छुट्टाछुट्टै सिलबन्दि गरी पेश गर्नुपर्ने छ ।

७. बोलपत्र साथ पेश गर्नु पर्ने र पालना गर्नु पर्ने शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिने छ । सोही अनुसार बोलपत्र फाराम पेश गर्नु पर्नेछ । अन्यथा उक्त बोलपत्र उपर कारवाही गरिने छैन ।

८. यो सुचनामा उल्लेख हुन छुट भएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

९. बोलपत्र सम्वन्धि बिवरण

| सि.नं. | ठेक्का नं | विवरण | बेलपत्र खरिद मुल्य रु. | बोलपत्र खरिद गर्ने अन्तिम मिति | बोलपत्र खोल्नु पूवको बैठक( Pre-Bidding Meeting) | सिलबन्दि दाखिला गर्ने अन्तिम मिति | सिलबन्दि बोलपत्र खोल्ने मिति र समय | बोलपत्रजमानत दस्तुर |
|---|---|---|---|---|---|---|---|---|
| १ | ०७१।७२।०३ | हवाई साधनहरुमा र अन्य प्रयोजनको लागि कमर्सियल सामानहरु | ३०००।०० | मिति २०७१।०६।२८ गतेको १७०० | मिति २०७१।०६।१३ गतेको ११०० | मिति २०७१।०६।२९ गतेको १२०० | मिति २०७१।०६२९ गतेको १३०० | रु.१,५६,०००।०० (अक्षरुपी एक लाख छपन्न हजार रुपिया) |
| २ | ०७१।७२।०४ | कार्यालय मसलन्द तथा मुद्रण सम्बन्धि सामानहरु | १०००।०० | मिति २०७१।०६।२८ गतेको १७०० | मिति २०७१।०६।१३ गतेको ११०० | मिति २०७१।०६।२९ गतेको ११२०० | मिति २०७१।०६२९ गतेको १३०० | रु.१,१०,०००।०० (अक्षरुपी एक लाख दस हजार रुपिया) |